घोराही नगरपालिकाको सामाजिक परिक्षण

प्रतिबेदन २०६९

मिति २०६९-७ -३० गते ।

श्री कार्यकारी अधिकृत ज्यू ।

घोराही नगरपालिका कार्यालय

विषय - सामाजिक परिक्षण प्रतिबेदन पेश गरेको ।

१ पृष्ठभूमि

स्थानीय निकाय आर्थिक प्रशाशन नियमावली २०६४ को नियम २०१(१) बमोजिम स्थानीय निकायहरुले एक आर्थिक बर्षमा समग्र सामाजिक जिम्मेबारी पुरा गरे नगरेको सम्वन्धमा लेखाजोख ागर्ने कार्यलाई व्यबस्थीत गर्न स्थानीय निकायको सामाजिक परिक्षण गर्न शुरु गरिएको छ । यसै सन्दर्भमा घोराही नगरपालिकाले आर्थिक बर्ष २०६८/०६९ मा सम्पन्न भएका कार्यक्रमहरुको सामाजिक परिक्षणको जिम्मा हामी दुई सुदर्शन रिजाल र प्रकाश सुवेदीको विज्ञ समुहलाई दिए अनुसार यो सामाजिक परिक्षण सम्पन्न गरिएको छ । सामाजिक परिक्षणका क्रममा पाइएका कुराहरुलाई यहा प्रतिबेदनको रुपमा प्रश्तुत गरिएको छ ।

२ सामाजिक परिक्षणको उदेश्य

स्थानीय निकायको सामाजिक जिम्मेबारी, त्यसलाई पालना गर्न भएको प्रयास तथा कार्यसम्पादनको लेखाजोखा गर्ने उदेश्य अनुसार यस घोराही नगरपालिकाले आर्थिक बर्ष २०६७/०६८ मा काम गर्दा सामाजिक जिम्मेबारी, त्यसलाई पालना गर्न गरेको प्रयास तथा कार्यसम्पादनको लेखाजोखा गर्ने ।

३ अध्ययनको विधी

उपलव्ध सन्दर्भ सामग्रीको अध्ययन र समिक्षा

अन्तर्बार्ता, स्थलगत निरिक्षण, अवलोकन र समुह छलफलबाट प्राप्त विबरण ।

४ अध्ययनका सीमा

सामाजिक परिक्षणको क्षेत्र घोराही नगरपालिकाले आर्थिक बर्ष २०६८/०६९ मा गरेका कामहरुको उपलव्धी र प्रभावको लेखाजोखा ।

स्थानीय निकाय सामाजिक परिक्षण कार्यविधी २०६७ को मार्ग निदेशनमा रही कार्तिक ..... देखि कार्तिक २७ गतेको अवधीमा सम्पन्न गरिसक्नुपर्ने ।

५ बृहत छलफ कार्यक्रमको विबरण

- स्थान घोराही नगरपालिका ।
- मिति २०६९ कार्तिक २६ गते दिउसो १२:३० बजे ।
- कार्यक्रम सञ्चालन घोराही नगरपालिकाका सूचना अधिकारी प्रेम के.सी.
- अध्यक्षता घोराही नगरपालिकाका कार्यकारी अधिकृत नेबबहादुर वली
- स्वागत घोराही नगरपालिकाका शाखा अधिकृत सुबोध रेग्मी
- सामाजिक परिक्षणको उद्देश्य माथी प्रकाश विज्ञ समुहका सन्तोष सुवेदी

सामाजिक परिक्षणको उदेश्य

- घोराही नगरपालीकाले आव २०६८। ०६९ मा गरेका नीतिगत निर्णय तथा प्रकृयागत सुधारले पारेका प्रभावहरु वारे प्रष्ट पार्ने ।
- घोनपा भित्र संचालित विकास योजनाहरुमा जनसहभागिताको स्थिति पत्ता लगाउने ।
- नगरपालीकाले समयमा सेवा सुविधा दिन नसकेको अवस्थामा जनताले भोग्नुपरेका समस्याहरु पत्ता लगाई तिको समाधानका उपायहरु खोज्ने ।
- नगरपालीकाले पेश गरेको आर्थीक तथा कार्य संपादनको विबरण प्रतिको विश्वसनियता वारे पत्ता लगाउने ।
- बालबालिका, महिला, दलित, जनजाति, गरिव, जेष्ठ नागरिक तथा पिछडिएको बर्गलाई मुलधारमा ल्याउन गरेका प्रयासहरुको प्रभावकारिता मूल्याङ्कन गर्ने ।
- स्थानीय निकायले दिएको सेवाको गुणस्तर, दस्तुर, सेवा दिन लगाएको समय र कार्यसम्पादनको स्तर लेखाजोखा गर्ने ।

- सामाजिक उत्तरदायित्व पुरा गर्न स्थानीय निकायको बर्तमान कार्य तथा कार्यशैलीमा सुधार ल्याउन सूझावहरु प्रदान गर्ने ।

सामाजिक परिक्षणको अवस्था प्रस्तुत विज्ञ समुहका सन्तोष सुवेदी (अनुसुची २ मा हेर्नुहोस ।)

खुल्ला छलफलका लागि आचारसंहिता/एजेण्डाहरु प्रस्तुत विज्ञ समुहका सन्तोष सुवेदीबाट

आचारसंहिता

- विषयबस्तुमा केन्द्रित भइ छलफल गर्ने ।
- तत्थ्याङक र सूचनाको आधारमा रही विचार राख्ने ।
- व्यक्तिगत आक्षेप नलगाउने तथा नीजी कुरामा टिकाटिप्पणी नगर्ने ।
- सहभागिले व्यक्त गरेका विचारको प्रतिबाद नगर्ने, प्राप्त सुझाव र प्रतिक्रियालाई सकारात्मक रुपमा लिने ।
- व्यक्ति वा संस्थाको सार्वजनिक मर्यादा र सिष्टाचारलाई कायम राख्ने ।
- सहभागीहरुलाई विचार राख्न प्रोत्साहन गर्ने ।
- सामाजिक परिक्षकले समय दिएपछि मात्र एक व्यक्ति एक पटक बोल्ने ।
- आफ्नो कुरालाई छोटकरीमा स्पष्ट रुपमा राख्ने अर्काको कुरा नकाट्ने ।

खुल्ला छलफलका एजेण्डाहरु

- घोराही नगरपालीकाले गरेका नीतिगत निर्णय तथा प्रकृयागत सुधारले पारेका प्रभावहरु ।
- नगरपालीकाले गरेका विकास योजनाहरुमा जनसहभागिताको स्थिति
- नगरपालीकाले समयमा सेवा सुविधा दिन नसकेको अवस्थामा जनताले भोग्नुपरेका समस्याहरु
- घोराही न.पा.ले पेश गरेको विबरण प्रतिको विश्वसनियता
- बालबालिका, महिला, दलित, जनजाति, गरिव, जेष्ठ नागरिक तथा पिछडिएको बर्गलाई मुलधारमा ल्याउन गरेका प्रयासहरुको प्रभावकारिता
- स्थानीय निकायले दिएको सेवाको गुणस्तर, दस्तुर, सेवा दिन लगाएको समय र कार्यसम्पादनको स्तर
- सामाजिक उत्तरदायित्व पुरा गर्न स्थानीय निकायको बर्तमान कार्य तथा कार्यशैलीमा सुधार ल्याउन सूझावहरु ।

खुल्ला छलफल शुरु

१ फणिन्द्र घिमिरे :

नगरपालीकामा काम गर्दा ढिला सुस्ती, बजेटको कमि आदीले काम समयमै सुरु हुन नसक्ने र यसले काम अधुरा रहने गरेको छ । जनप्रतिनिधि नभएको बेलामा समानुपातीक रुपले बजेट वितरण हुनुपर्छ, राजनितिक दलका प्रतिनिधि पनि सकृय भएर लाग्नु पर्छ ।

२ भरत अर्याल

नगरपालीकाले योजना निर्माणका लागि गठन गरेको उपभोक्ता समिति र प्रविधिक फाँटका कर्मचारि बिच समन्वय हुनुपर्छ, अहिले त्यसो नहुदा ढिला सुस्ती हुने गरेको छ ।

३ खड्ग वहादुर बुढामगर

योजनाको इस्टिमेट गर्दा काम गर्ने लेबर मिस्त्रीको तलब चल्तीको रेट राख्नु पर्छ । सरकारी दर रेट कम हुने भएकाले इस्टिमेट अनुसारको रकमले काम हुदैन, काम गरेको पैसा दिनका लागि धेरै लेबर मिस्त्री प्रयोग गरेको देखाउनु पर्ने बाध्यता छ । सरकारी दररेट बढाउनु पर्यो ।

४ भानुभक्त शर्मा

योजना निर्माण कै क्रममा कमजोरी पाइन्छ । समयमा योजना बन्दैन, बजेट समयमा आउदैन, इस्टीमेट समयमै हुदैन, जसले गर्दा समयमा काम सकिदैन । हाम्रो टोलको शडक पिचका लागि नगरपालीकाले २३४ मिटर भनेर नाप्यो, हामीले नाप्दा २८५ मिटर छ, २मिटर लम्बाई पिच गरिएको छ । नगरापालिकाले २३४ मिटरको मात्र रकम दियो, नगरपालीकाले कसरी नाप्छ ? इस्टिमेट अनुसारको निर्देशन उपभोक्ता समितिलाई दिइदैन काम गर्न गाह्रो हुन्छ । उपभोक्ताले काम सकेपछि मात्रै पैसा दिने काम रोकेर पेस्किको रुपमा केहि रकम पहिले दिने ब्यबस्था गरिनु पर्छ ।

५ भिम वहादुर बुढा

नगरपालीकाले योजनाको समयमै निरिक्षण अनुगमन नगर्ने भएकाले रकम उठाउदा सास्ती भयो । काम सकेको दुई तिन महिना भए पनि केहि उपभोक्ताबाट अझै रकम उठन सकेको छैन, रकम उठाउन नगरपालिकाले के सहयोग गर्न सक्छ? सहयोग गरिदिनु पर्यो ।

६ गोबिन्दर शर्मा भृकुटि नगर टोल बिकास सँस्था

ठूलो काम गर्दा पैसा अगाडि नभएपछि काम गर्न गाह्रो हुदो रहेछ । नगरपालीकाले काम सकेपछि मात्रै रकम दिनने हुनाले सामान जुटाउन गाहो भयो , यसमा नगरपालिकाले ध्यान दिनु पर्छ, लागत सहभागितामा

रकम उठाउदा केहि ब्यक्तिले उठाउदैनन्, उठाउनका लागि टोललाई केहि अधिकार दिइनु पर्छ, पैसा उठाउन नपेर्ने दाउ खोज्ने गरेको पाइयो उनीहरुबाट रकम झार्नलाई नगरपालीकाले केहि अधिकार टोल विकास संस्थालाई दिनु पर्छ ।

७ यम प्रसाद शर्मा

लागत सहभागिताको काम गर्दा काम सकेपछि मात्रै रकम दिने गर्नाले समस्या पार्यो । लागत सहभागिताका लागि उठाइने रकम केहि बाट उठाउन गाहो भयो । केहि बासिन्दाहरुले रकम उठाउनै नसक्ने अबस्था पनि भएकाले रकमको सट्टा जनश्रमदान गर्ने ब्यबस्था गर्नु राम्रो हुन्छ । यसले श्रमदान गर्ने बानिलाई प्रोत्साहन गर्छ ।

८ राजिव गौतम

टोल विकास संस्थाका केहि महामहिले रकम उठाउनु भएन । उहाँहरुलाई केहि गर्न सक्छौ की हेर्ने मात्र हो ? उनीहरुलाई के गर्न सकिन्छ नत्र लागत सहभागिताले फेल खान्छ ।

उठाएको जती सबै पैसा नगरपालिकामा जम्मा गर्यो, भोलिबाट सबै सामान उधारोमा उठाउन गाह्रो छ, पहिलो कुरा उधारो दिन मान्दैनन् दिए पनि उधारो महँगो हुन्छ । यसरी काम गर्दा भिखारी जस्तो बन्नुपर्ने भएको छ, यसमा नगरपालीकाले हेरोस । योजनाको इस्टीमेट र खर्च पनि मिल्दैन यसलाई गम्भिर रुपमा सोभियोस ।

९ नारायण तर्ताल

कतिपय योजना एकै वर्षमा सम्पन्न नहुने खालका हुन्छन्, काम गर्दै जाँदा अधुरा रहन्छन । त्यस्ता योजनालाई क्रमागत योजनामा राखेर पुरा गर्न पाउने ब्यबस्था गर्न माग छ । थारु सँग्रालयको पर्खाल निर्माणमा एक छेउमा सानो पर्खाल लाग्यो, अब कहिले योजना पर्ने हो त्यस्ता अधुरा योजनालाई क्रमागतमा राखेर पुरा गर्न अर्को वर्ष प्राथमिकता दिइयोस ।

१० बुझाउना चौधरी

गाउँमा रकम उठाउन गाहो भएको छ, लेबर र मिस्त्रीको सरकारी रेट र ब्यबहारिक रेट मिलेको छैन, त्यसकारण फर्छौट गर्न पनि गाहो भाछ, माघमा काम सकिन्छ रकम असारमा पाइने भएकाले फर्च्छौट गर्न ढिलाई हुन्छ । डोजरले गर्ने कामलाई श्रमदान नभनी त्यसै अनुसार हिसाब गर्ने ब्यबस्था हुनु पर्छ ।

११ नेव वहादुर वली नगरपालीकाका कार्यकारी अधिकृत

धेरै जनाले उठाएको रकम जम्मा गर्नु पर्ने र काम भने उधारो गर्नु पर्दा परेको समस्याका सम्बन्धमा नितिगत रुपमा उपभोक्ता समितिलाई पेश्कि दिन सार्वजनिक खरिद ऐनले बन्द गरेको छ । यो नगरपालिकालाई पेश्कि बिना नै योजना सम्पन्न गर्ने नगरपालिकाको रुपमा चिन्ने गरिन्छ, यो छविलाई बाचई राख्न फेरि फर्केर पेश्कि

दिनेमा जान सकिदैन बरु सहजीकरणका लागि बिचको बाटो समाउन सकिन्छ । जति काम भएको छ त्यसै अनुसारको निकासा दिदै जाने गरि जान सकिन्छ । यसमा प्राविधिकहरुले पनि गाहो मान्नु भएन । तिन चार दिनमा काम गर्दै निकास गर्दै जाने गर्न सकिन्छ । समस्या समाधानमा सहजता होला । पेश्किमा गएर धेरै समस्या आएकाले यस्तो नियम बनाएको हो । लागत सहभागितामा रकम उठाउन नमान्ने उपभोक्तालाई के गर्ने भन्ने सम्बन्धमा रकम नउठाउने उपभोक्ताले योजनालाइ असहयोग गरेको मानेर उपभोगबाट बञ्चित गर्न सकिन्छ । अथवा उनीहरुलाई कालो सुचिमा रखेर कार्यालयमा काम गर्न आउदा बिलम्ब गरेर नैतिक दबाब दिन सकिन्छ । तर अदालत वा न्यायिक निकायबाट केहि गर्न सकिदैन । दररेट कायम नगरपालिकाले गर्न सक्दैन, जिल्ला दर रेट निर्धारण समिति छ त्यसले गर्ने भएकाले हामीले सुझाव दिन सक्छौं, हामीलाई पनि कम छ भन्ने लागेको छ , बढाउन सुझाव पठाएका छौं । उपभोक्ताले सक्ने काम मात्रै उनीहरुको जिम्मामा दिनु पर्ने ऐनमा ब्यबीथा छ, सक्ने भएर दिइएको हो, नितिले उपभोक्तालाई काम दिदा श्रमरोजगारि दिने गरि दिनु पर्ने ब्यबस्था गरेको छ । त्यसकारण डोजर प्रयोग देखाउन गाह्रो भएको हो । निति र ब्यबहार एउटै भए समस्या हुने थिएन ।

६ घोराही नगरपालिका सामाजिक अध्ययन बिवरण (अनुसूची २ र ३)

सामाजिक परिक्षकको प्रारम्भिक प्रतिवेदन

बृहत छलफलका लागि

मिति २०६८-७-१७ गते ।

१. स्थानीय निकायको परिचय

नाम- घोराही नगरपालिका, दाङ । स्थापना २०३५ माघ १५ गते ।

जनसंख्या- ४३,१२६ (जनगणना २०५८). । हाल ६०,००० पुगेको अनुमान ।

क्षेत्रफल- ७४.४६ बर्ग.कि.मी. । जनघनत्व हालको अनुमान ८०६ जना प्रति बर्ग कि.मी.

२. घोराही नगरपालिकाको आ.व.२०६७/०६८ का प्राथमिकताहरु १४ औ नगरपरिषद्बाट पारित भए अनुसार

- भौतिक पूर्वाधार विकास ३ करोड ३१ लाख ५२ हजार (५१.६९ प्रतिशत)
- बाताबरण सरसफाई तथा फोहोरमैला व्यबस्थान ८७ लाख ५० हजार (१३.६४ प्रतिशत)
- सामाजिक सुरक्षा कार्यक्रम ८० लाख (१२.४७ प्रतिशत)
- सामाजिक क्षेत्रगत विकास ५१ लाख १८ हजार (७.९८ प्रतिशत)
- लागत सहभागिता म्याचिङ फण्ड कार्यक्रम ५० लाख (७. ८० प्रतिशत)
- गरिवी न्युनिकरण तथा सशक्तिकरण ४१ लाख २० हजार (६.४२ं प्रतिशत)

३. गतवर्ष (आर्थिक बर्ष ०६६/०६७) का मुख्यमुख्य उपलब्धीहरु. ।

सडक विस्तार तथा पिच । सार्वजनिक निर्माण । साक्षरता अभियान । फोहोरमैला व्यबस्थापन । सामाजिक सुरक्षा कार्यक्रम । साझेदारी विकास कार्यक्रम । शहरी बालशिक्षा । सामाजिक विकास (दलित जनजातीको क्षमता विकास कार्यक्रम ।

४. यसवर्ष (आर्थिक बर्ष २०६७/०६८)का मुख्य मुख्य उपलव्धीहरु ।

- स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तर्गत १० बटा सडक पिच (५.५ कि.मी.), ४ बटा विद्यालय भवन निर्माण (८ कोठा), डिप बोरिङ १ बटा, सिचाई बाध निर्माण १ बटा ।
- सार्बजनिक निर्माण अन्तर्गत १७ बटा कुलामा नाला, ड्याम, सडक निर्माण ।
- कृषि सडक कार्यक्रम अन्तर्गत १४ बटा सडक ग्राभेल, विस्तार तथा कल्भर्ट निर्माण ।
- लागत सहभागिता अन्तर्गत ४ बटा सडक पिच तथा नाला निर्माण ।

५.सामाजिक जिम्मेबारी र कार्यसम्पादनको लेखाजोखा ।

सामाजिक जिम्मेबारीको क्षेत्र	**गतवर्षको अवस्था**	**प्रयास**	**उपलव्धी**
स्वास्थ्य			
एक घण्टा भित्र स्वास्थ्य संस्था पुग्न सक्ने घरपरिबार	जम्मा घर परिबार १० हजार मध्ये ८ हजार घरपरिबार ।	घोनपा ५ घोरदौरा र घोनपा ७ बाह्रकुनेमा नगर स्वास्थ्य क्लिनिक स्थापना	स्वास्थ्य क्लिनिक स्थापना पछि थप १ हजार परिबार १ घण्टा भित्रै स्थास्थ्य संस्थामा जान सक्ने अवस्था सृजना भएको ।
५ बर्ष मुनीका बालबालिका प्रतिशत	१५ प्रतिशत	-	-
खोपमा पहुच भएको जनसंख्या १ बर्ष मुनीको बालबालिकाको आधारमा	विसीजी/दादुरा ९८ प्रतिशत डिपिटी हिप वि ८८ प्रतिशत	नगर क्लिनिक स्थापना गरी पहुच वढाउने प्रयास भएको	क्लीनिक स्थापनापछि खोपको पहुच बढेको

४ पटक गर्भजाच गराएका महिलाको संख्या प्रतिशतमा	-	अवस्था पत्ता लगाउने प्रयासको थालनी गरेको ।	अवस्था पत्ता लागेको जम्मा गर्भबतिको ९० प्रतिशत
दक्ष प्रसुतिकर्मीबाट प्रसुति गराएका महिला संख्या	-	अवस्था पत्ता लगाउने प्रयासको थालनी गरेको ।	अवस्था पत्ता लागेको ५५ प्रतिशत
झाडापखालाबाट मृत्यु हुने संख्या		अवस्था पत्ता लगाउने प्रयासको थालनी गरेको ।	अवस्था पत्ता लागेको २ जना स्वास्थ्य संस्थामा
स्वास्थ्य संस्थाबाट सेवा लिने घरपरिबार संख्या	विरामी पर्दा सबैजसोले लिने गरेको	स्वास्थ्य संस्था थपेर पहुच बृद्धि गरेको	थप १ हजार परिबारले नजीकै स्वास्थ्य सेवा पाएको
शिक्षा			
आधाघण्टा भित्र प्राथमिक विद्यालय नपुग्ने बालबालिका संख्या	—	अवस्था पत्ता लगाउने प्रयासको थालनी गरेको ।	अवस्था पत्ता लागेको सवै आधा घण्टा भित्र विद्यालय पुग्ने
पूर्व प्राथमिक शिक्षामा खुद भर्नादर	-	अवस्था पत्ता लगाउने प्रयासको थालनी गरेको ।	अवस्था पत्ता लागेको ३५ प्रतिशत मात्र FGD २०६८
प्राथमिक विद्यालयमा पहुच नभएका ५-९	३२१ ज्ना ६-१८ उमेर	अवस्था पत्ता लगाउने प्रयासको थालनी गरेको ।	अवस्था पत्ता लागेको

उमेर समुहका बालबालिकाको संख्या प्रतिशतमा	समुहका FGD २०६८		
कक्षा १ मा खुद भर्नादर	९८ प्रतिशत DEO २०६८	अवस्था पत्ता लगाउने प्रयासको थालनी गरेको ।	अवस्था पत्ता लागेको
प्राथमिक तहमा कक्षा छाड्ने, दोहोऱ्याउने र उत्तिर्ण हुने दर	क्रमश ५, १० र ९० प्रतिशत DEO २०६८	अवस्था पत्ता लगाउने प्रयासको थालनी गरेको ।	अवस्था पत्ता लागेको अवस्था पत्ता लागेको
प्राथमिक तहमा तालिम प्राप्त शिक्षक संख्या	९८ प्रतिशत DEO २०६८	अवस्था पत्ता लगाउने प्रयासको थालनी गरेको ।	अवस्था पत्ता लागेको
प्रति कक्षा कोठा विद्यार्थी संख्या	४० जना DEO २०६८	अवस्था पत्ता लगाउने प्रयासको थालनी गरेको ।	अवस्था पत्ता लागेको
स्थानीय निकायबाट निर्मीत विद्यालय कोठा संख्या		४ बटा ब्लक अर्थात ८ कोठा निर्माण	थप ४ सय विद्यार्थीले सजीलै कक्षामा बस्न पाएका ।
दलित बालबालिकाको शिक्षामा पहुच		छात्रबृत्ति उपलव्ध गराएको	२२ जनाले छात्रबृत्तिमा पढ्न पाएको ।
खानेपानी तथा सरसफाई			
स्वच्छ खानेपाने	८० प्रतिशत	बोरिङ निर्माणमा	थप परिबारले

पुगेको परिबार संख्या		सहयोग	खानेपानी सुविधा पाएको
सौचालय भएको परिबार संख्या	८०.७ प्रतिशत	खुला दिशा मुक्त अभियान सञ्चालन	चर्पी प्रयोग गर्ने परिबार संख्य बढेको
सुधारिएको चुलो भएको परिबार संख्या	६०५ परिबार नविकरणिय उर्जा	समन्वयमा काम भइरहेको	सुधारिएको चुलो प्रयोग गर्नेको संख्यामा बृद्धि
बालबालिमा महिला तथा समावेशी क्षेत्र			
बाल विबाह संख्या	९९ जना FGD २०६८	पत्ता लगाउने प्रयास	ऋवस्था पत्ता लागेको
सामाजिक विकृति विसंगति	-	-	-
सामाजिक सुरक्षा(जेष्ठ नागरिक, एकल महिला, अपाङ, पिछडिएको क्षेत्र तथा लोपोन्मुख जाती)	जेष्ठ नागरिक ७६७ जना, एकल महिला २४६ जना, दलित जेष्ठ नागरिक ४१८, पूर्ण असक्त ४४, आंशिक अपाङ ३ जना, लोपोन्मुख ४ जना	हरेक बर्ष अध्यावधिक गर्ने गरिएको ।	सामाजिक सुरक्षा पाउनेहरुको संख्यामा बृद्धि भइरहेको ।
जनचेतना तथा गरिवी निबारण			

बाल श्रमको अवस्था	आठ सय ५१ जना बालश्रमिक रहेको पत्ता लागेको	आठ सय ५१ जना बालश्रमिक रहेको पत्ता लागेको	लगानी योजना बनेको ।
बालक्लवहरुको अवस्था	१५८ बटा	क्षमता विकासका कार्यक्रमहरु शुरु	१ सय ५० बालबालिकाको नेतृत्व तथा क्षमता विकास भएको ।
महिला हिंशा	सख्या एकिन गर्न गाह्रो	सचेतनामुलक कार्यक्रमहरु	महिला हिशाका घटना घटेको जागरण बढेको ।
रोजगारीको अवस्था	-	स्वरोजगारका अवस्था सृजनाका लागि तालिमहरु	अदक्षहरुको क्षमता विकास भई रोजगारीका अवसर बढेको ।
स्वरोजगारका प्रयासहरु		शिपमुलक तालिमहरु सञ्चालन	विपन्न तथा जनजाती समुदायको क्षमता विकास भएको ।
गरिवि निबारणका प्रयासहरु		आयआर्जनमा सहयोग गर्न सुलभ व्याजमा सहुलियत कर्जा	३९ टोविसका सदस्यहरु लाभान्वित भएको
सामाजिक परिचालन		टोल विकास संस्थाहरु गठन	१० वटा टोल विकास संस्था गठन भएका ।

बातावरण सुधारका प्रयासहरु		आमा समुहलाई फोहोर व्यबस्थापन तालिम, मेलामा प्रदर्शनी	२०० परिबारका आमा सदस्यहरुले फोहोर व्यबस्थापनबारे जानकारी पाएको ।
एच.आइ.भि.एड्स	-	आयआर्जनमा सहयोगका लागि २ रिक्सा सहयोग	संक्रमित संख्या ५ जना FGD २०६८
विकासमा समान सहभागिता	-	उपभोक्ता समितिमा महिला /जनजाती सहभागितालाई प्रोत्साहन गरिएको	सबैजसो क्षेत्रमा समानुपातिक सहभागिताको अवधारणा विकास हुदै गएको ।
सेवाहरुमा पहुच			
स्थानीय बजार पुग्न लाग्ने समय	स्थान अनुसार ५ मीनेट देखि २ घण्टा सम्म लाग्ने गरेको ।	बजार विस्तारलाई बढावा दिने गरिएको ।	बजारमा स्थानीय बासीन्दाको पहुच बढ्नेक्रम जारी रहेको ।
कृषि सेवा केन्द्र जान लाग्ने समय	स्थान अनुसार ५ मीनेट देखि २ घण्टा सम्म लाग्ने गरेको ।	-	-
भौगालिक क्षेत्र, महिला, पिठडिएका तथा सिमान्त		पिछडिएको भौगोलिक क्षेत्रका बासीन्दालाई सौर्य	४२ परिबारको उज्यालोमा पहुच

बर्गको संख्या, निजहरुले पाएको सेवा तथा दिइएका विशेष अवसरहरु		उर्जाका लागि सोलार वितरण तालिममा प्राथमिकता	बढेको । तालिमहरुमा अवसर पाउनेमा दलित जनजाती तथा पिछठिएका धेरै ।
संस्थागत क्षमता			
जनसक्ति	८१ जना	क्षमता विकास तालिम	काममा छिटो छरितो पना आएको ।
निति तथा कार्यक्रम	प्रविधीले सम्पन्न बनाउदै लैजाने कम्युटराइज्ड प्रणालीको विकास	वेभसाइड निर्माण तथा अध्यावधिक गर्ने काम भइरहेको ।	सूचना प्रवाहमा सहजता ।
भैतिक व्यबस्था	-	भौतिक श्रोतहरु थप्ने काम भएको ।	छिटो छरितो सेवा प्राप्ती तथा सुविधा उपयोगमा बृद्धि
समन्वय र सहकार्यका प्रयासहरु		गैसस तथा विषयगत कार्यालयहरुसंग सहकार्य भइरहेको ।	सहकार्यबाट पनि नगरबासीले पाउने सेवामा सहजता भएको ।
अन्य सामाजिक सम्पादनका क्षेत्रहरु			

६ गतवर्ष भोगेका समस्याहरु(बुदागत रुपमा)

- स्था.वि.मन्त्रालयबाट आउने बजेट ढिलो निकासा हुने हुदा काममा बाधा आउने गरेको ।
- माग गरेका योजना समयमा स्विकृत नहुनु ।
- आर्थिक समस्याले योजना कार्यन्वयनमा समस्या आउने गरेको ।
- आन्तरिक श्रोतको रकम पनि ढिलो उठ्ने हुदा आन्तरिक श्रोतका योजना पनि ढिला शुरु हुने हुदा कार्यसम्मन्न हुन ढिला हुने गरेका ।
- लागत सहभागिता रकम समयमा नउठ्नाले पनि समस्या आउने गरेको छ ।
- उपभोक्ता समिति गठनमा पनि समस्या देखिने गरेको छ ।

७ सुधारका लागि चाल्नुपर्ने कदमहरु तथा सुझाव (बुदागत रुपमा)

- महिला तथा बालबालिका शिर्षकमा करिव २ प्रतिशत जति अर्थात ३२ लाख ८२ हजार विनियोजन भएकोमा २८ लाख ८ हजार खर्च भई ४ लाख ७३ हजार खर्च हुन नसकेको देखिएकोले सो रकम सोही आर्थिक बर्षमा खर्च गर्ने व्यबस्था मिलाई महिला तथा बालबालिकाको सामाजिक विकासका काममा प्रभावकारिता ल्याउन मद्यत पुग्ने देखिन्छ । साथै महिला बालबालिकाको सामाजिक विकासका लागि बालमैत्री स्थानीय शासन पद्वती लागु भएको यस नगरपालिकाले महिला तथा बालबालिकाका लागि कुल बजेटको १५ प्रतिशत भन्दा वढी रकम विनियोजन गरी कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने देखिन्छ ।
- साझेदारी विकास कार्यक्रममा विनियोजित रकम ३७ लाख २८ हजार मध्ये २६ लाख ३४ हजार मात्र खर्च भइ १० लाख ९३ हजार बैक मौज्दात देखिएकाले मौज्दात रकमलाई सोही आर्थिक बर्षमा खर्चगर्ने व्यबस्था मिलाउन आवश्यक देखिन्छ ।
- आर्थिक बर्ष ०६७/०६८ का लागि १४ औ नगरपरिषदबाट पारित गरिएका कार्यक्रमहरु मध्ये सवारी दुर्घटना न्युनिकरणका लागि फुटपाथ निर्माण, औद्योगिक क्षेत्र स्थापनाका लागि स्थान छनौट, शहरी बातावरण प्रदुषण न्युनिकरणका लागि घुम्ती सौचालय निर्माण, विद्युतिय शुसासनलाई प्रभावकारी बनाउन कार्ययोजना तर्जुमा, नगरक्षेत्रका बास्तविक सुकुम्वासीको पहिचान गरी उनीहरुका लागि विशेष कार्यक्रम ल्याउने जस्ता कार्यक्रमहरु

शुरु हुन नसकेको तथा आंशिक मात्र शुरु भएकाले पारित गरिएका कार्यक्रमलाई प्राथमिकतामा राखेर श्रोत जुटाउनुपर्ने देखिन्छ ।

- गतवर्षको पेश्की बेरुजु रकम ६४ हजार ४ सय ९० मध्ये केही रहम फर्छौट भई बेरुजु घटेर ४४ हजार ३ सय ७३ हुनु सराहनिय काम भएकाले यो रकमलाई सुन्यमा झार्न नगरपालिकाले प्रयास जारी राखोस ।
- स्थानीय निकाय सार्वजनिक निकाय भएकाले सूचनाको हक सम्वन्धी ऐन २०६४ अनुसार यस्ले गरेका कामहरु ४-४ महिनामा आम नागरिकका लागि सार्वजनिक गर्नुपर्ने देखिन्छ । यद्यती यस्ले सम्पन्न गरेका कामहरु बार्षिक रुपमा भने आम सञ्चारका माध्यमबाट सार्वजनिक भइरहेको देखिन्छ ।

- नगरपालिकाका हरेक शाखाबाट भइरहेका काम तत्काल पाउन सक्नेगरी सूचना शाखालाई व्यबस्थीत गर्नुपर्ने देखिन्छ ।
- नगरपालिकाबाट प्रदान गरिने सेवामा प्रभावकारिता ल्याउन साना साना काममा पनि तोक लगाएर मात्र काम शुरु गर्ने परिपाटीको अन्त्य गरि सम्वन्धित शाखाबाट सहजै हुनेगरी व्यबस्था मिलाउनुपर्ने देखिन्छ । धेरैहदसम्म भएको पनि छ ।
- यस्तै नगरपालिकको कुनै शाखा प्रमुख वा कर्मचारी नआएको अवस्थामा पनि अर्को कर्मचारीबाट सेवाग्राहीले सेवा पाउने प्रवन्ध गर्ने व्यबस्था नगरपालिकाले मिलाउनेपर्ने देखिन्छ ।
- यसैगरी नगरपालिकाले आफुले गरेका काम तथा सेवालाई प्रभावकारी बनाउन सामाजिक परिक्षण, सार्वजनिक परिक्षण, न्युनतम सर्त मापन संग सम्वन्धित सूचनाहरु अध्यावधिक गर्नुपर्ने तथा बालबालिका, महिला तथा दलित जनजाती प्रोफाइल तयार गरी काम गर्नुपर्ने देखिन्छ ।
- यस्तै सामाजिक परिक्षण कार्यविधी अनुसार सामाजिक परिक्षकलाई सहयोग गर्न सामाजिक परिक्षण समन्वय समिति गठन गर्नुपर्ने देखिन्छ । साथै आगामी बर्ष देखि सामाजिक परिक्षण काम भदौ असोज महिनाबाट शुरु गर्दा सजिलो पर्ने देखिन्छ ।

नोट- यस नगरपालिकाले आव ०६७/०६८ मा सञ्चालन गरेका कार्यक्रममा विषयगत कार्यालयहरु र गैरसरकारी संस्थाहरुले आफ्ना कार्यक्रम नगरपालिकाका कार्यक्रममा समावेश गर्ने गरेको नपाइएकाले अनुसूची ३ अनुसारको विबरण संलग्न गर्न संभव नभएको । तर नगरपालिकाको सहायोगमा गैससले गरेका तथा अनुसुचि ३ का कतिपय कामको लेखाजोखा भने अनुसुची २ बाटै गरिएको छ ।

सामाजिक परिक्षक/विज्ञ समुहको नाम सुदर्शन रिजाल, उप प्राध्यापक महेन्द्र वहुमुखी क्याम्पस

प्रकाश सुवेदी, उद्यम विकास अधिकृत, अन्तरिम बन परियोजना, मध्यपश्चिम

दस्तखत १.....२.....

७ सामाजिक परिक्षणबाट देखिएका सवल पक्षहरु ।

क. नगरपालिकाले स्थानीय स्वायत्तसाशन ऐन तथा नियमावली तथा आर्थिक प्रशासन नियमावली को परिधीमा रहेर काम गरेको पाइएको ।

ख. नगरपालिकाका काममा जनसहभागिता राम्रो पाइएको ।

ग. उपभोक्ताहरुले पेश्की विना पनि काम गर्ने गरेकाले आर्थिक बर्ष ०६७/०६८ मा बेरुजु रकम नभएको बरु अघिल्ला बर्षको केही बेरुजु रकम अशुली भएको पाइएको (हेर्नुहोस अडिट रिपोट २०६७) ।

घ. नगरपालिकाल सिष्टममा रहेर काम गरेकै कारण अर्थिक बर्ष २०६६/०६७ मा घोराही नगरपालिका मुलकभरकै नगरपालिकाको न्युनतम सर्त मापनमा उत्कृष्ट नगरपालिकाको रुपमा पुरस्कृत भएको ।

ङ. सामाजिक परिक्षण बृहत छलफलमा नगरबासीको उल्लेख्य तथा उत्साहजनक सहभागिता रहेको ।

च. सामाजिक परिक्षण कार्यक्रममा नगरबासीबाट आएका अपेक्षालाई सकेसम्म सम्वोधन गर्ने कार्यकारी अधिकृतको प्रतिबद्धता आउनु ।

छ. नगरपालिकाले गरेका कामको बार्षिक रुपमा आम सञ्चारका माध्यमबाट सार्व जनिक हुनेगरेको ।

८ सामाजिक परिक्षणबाट देखिएका चुनौती तथा कमीकमजोरीहरु ।

क लागत सहभागिताका लागि गरिव समुदाय तथा ग्रामिण क्षेत्रमा पुऱ्याउन चुनौती रहेको ।

ख.नगरपालिकाको आन्तरिक श्रोतको रकमले कर्मचारीलाई तलवमै सकिने अवस्था रहेकाले आन्तरिक श्रोत बृद्धि गर्न चुनौती रहेको ।

ग.नगरपालिकामा उपलव्ध जनसक्ति समयको माग अनुसार शिपयुक्त हुनुपर्ने चुनौती रहेको ।

घ. नगरपालिकामा सम्वन्धित फाटमा मुख्य कर्मचारी नभएपनि बैकल्पिक कर्मचारीबाट काम हुने व्यबस्था मिलाउनुपर्ने चुनौती रहेको ।

ङ.फोहोर व्यबस्थापन लगायतका नगरपालिकाले सञ्चालन गर्ने अन्य काममा काममा नगरबासीको सहभागिता बृद्धि गर्नु चुनौतीपूर्ण रहेको ।

९ सामाजिक जिम्मबेारी पुरा गर्न घोराही नगरपालिकाले चाल्नुपर्ने कदम वा सुझावहरु ।

क लागत सहभागितामा बृद्धि गर्न विपन्न समुदाय तथा ग्रामिण क्षेत्रका बासीन्दालाई म्याचिङ फण्ड वा अन्य कुनै विकल्प सोच्नुपर्ने देखिन्छ ।

ख.नगरपालिकाको आन्तरिक श्रोत बृद्धिका लागि करका दायराहरु फराकिलो बनाउनुपर्ने तथा नगरपालिकाको स्वामित्वमा रहि उपयोगमा आउन नसकेको भौतिक पूर्वाधारलाई प्रयोगमा ल्याउन कदम चाल्नुपर्ने देखिन्छ ।

ग.नगरपालिकामा उपलव्ध जनसक्ति समयको माग अनुसार शिपयुक्त बनाउन क्षमता अभिबृद्धिका काम गर्नुपर्ने ।

घ. नगरपालिकामा सम्वन्धित फाटमा मुख्य कर्मचारी नभएपनि बैकल्पिक कर्मचारीबाट काम हुने व्यबस्था मिलाउनुपर्ने ।

ङ.फोहोर व्यबस्थापन लगायतका नगरपालिकाले सञ्चालन गर्ने अन्य काममा काममा नगरबासीको सहभागिता बृद्धि गर्न सचेतनामुलक कार्यक्रम सञ्चालन गर्नुपर्ने ।

च. नगरपालिकाले गरेका कामको अभिलेखिकरण तुरुन्त पाउन सक्नेगरी सूचना शाखामा अभिलेखिकरण गरेको हुनुपर्ने ।

सामाजिक परिक्षकको नाम

१ सुदर्शन रिजाल **२ प्रकाश सुवेदी**

दस्तखत **दस्तखत**

मिति **मिति**

आ व २०६४।०६५ को सम्पादन भएका
क्रियाकलापहरूको सामाजिक
परिक्षण कार्यक्रम

आ व २०६७।०६८ मा सम्पादन भएका
क्रियाकलापहरूको सामाजिक
परिक्षण कार्यक्रम
२०६८ । कार्तिक १७

घोराही नगरपालिका कार्यालय दाङ
आ व २०६७।०६८ मा सम्पादन गरेका
कलापहरूको सामाजिक
रिक्षण कार्यक्रम
२०६८ । कार्तिक १७
सामाजिक परीक्षण कार्यक्रम
घोराही नगरपालिका, दाङ
मिति : २०६८।०७।१७